म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १९९ मंगलबार १५ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 27 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीका वडाध्यक्षमाथि हातपात

हेटौंडा, १४ फागुन/मकवानपुरको पश्चिमीक्षेत्र मनहरी गाउँपालिका वडा नम्बर-६ का वडाअध्यक्ष युवराज थपलियामाथि हातपात भएको छ । वडाध्यक्ष थपलियालाई स्थानीय युवकले हातपात गरेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले हातपातमा संलग्न भएको आरोपमा एक युवकलाई पक्राउ गरेको छ । सोमबार साँझ जोगितालस्थित आफ्नै तरकारी बारीमा जाँदा उनीमाथि हातपात भएको प्रहरीले जनाएको छ ।

मादकपदार्थ सेवन गरेर आएका युवकले वडाअध्यक्ष थपलियालाई हातपात गरेको र यसमा संलग्न एक जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीउपरीक्षक सीताराम रिजालले जानकारी दिए । वडाध्यक्ष थपलियालाई हातपात गर्ने व्यक्ति सोही वडाको भुल्चोक निवासी वर्ष ३२ का मानबहादुर वाईबा रहेको मकवानपुर प्रहरीले जनाएको छ ।

# निर्माण सकिएको ६ महिनापछि नयाँ भवनमा जिल्ला अदालत, प्रधानन्यायाधीश श्रेष्ठद्वारा उद्घाटन

साझाकुरा संवाददाता






हेटौंडा, १४ फागुन/ जिल्ला अदालत मकवानपुरले आफ्नै सुविधासम्पन्न नयाँ भवनबाट सेवा दिन सुरु गरेको छ ।

निर्माणकार्य सम्पन्न भएको झण्डै ६ महिनापछि अदालतले आफ्नै भवनबाट सेवाप्रवाह गर्न सुरु गरेको हो । गत साउनमै निर्माण सम्पन्न भए पनि निर्माण कम्पनीले अदालतलाई भवन हस्तान्तरण गरेको थिएन । नयाँ भवन बनेर पनि उपयोगमा ल्याउन नपाएको जिल्ला अदालत भने उच्चअदालत पाटन हेटौंडा इजलाश परिसरको साँघुरो भवनबाटै काम गर्न बाध्य थियो । निर्माण व्यवसायीले ३ करोड बढी बाँकी भुक्तानी नपाए पछि भवनको साँचो अदालतलाई बुझाएका थिएनन् ।

अदालतको सुविधा सम्पन्न नयाँ ६ तले भवनको सोमबार प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठले उद्घाटन गरेका छन् । भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्रेष्ठले न्यायपालिकाप्रति आमनागरिकको भरोसा र विश्वास बढाउन आवश्यक रहेको बताए । नयाँ भवनबाट सेवा विस्तारसँगै अदालतको कार्यले नागरिकमा विश्वास बढ्नुपर्ने उनको भनाई थियो । छिटो र छरितो न्यायको लागि संविधानको मर्मअनुसार अदालत अगाडि बढेको उनले बताए ।

प्रविधिको विकाससँगै न्याय क्षेत्रको कार्यसम्पादनले लय समातेको प्रधानन्यायाधीश श्रेष्ठले दाबी गरे । अदालतमा अनलाइन बहसको थालनी गर्न काम भइरहेको बताए । 'अदालतको अनावश्यक भिडभाड कम गर्न, गुनासा र विकृति कम गर्न अनलाइन बहसको थालनी गर्दैछौं ।,' उनले भने । न्यायपालिकाको सुधारबाट शासन सुधार हुने भन्दै प्रधानन्यायाधीश श्रेष्ठले नागरिकको अपेक्षा प्रतिन्यायपालिका सचेत हुनुपर्नेमा जोड दिए । राजश्व र विकास निर्माणको मुद्दा ढिलो नहोस् भनेर विशेष व्यवस्था गरेर सुनुवाइ गर्न प्रयास गरेको उनले बताए ।

जिल्ला अदालतमा कार्यबोझ घटाउन स्थानीय तहमा निमार्ण भएको न्यायिक समितिलाई सघाउन उनले आग्रह गरेका छन् । 'संविधानको चाहना घरघरमा न्यायलय भनेको स्थानीय तह न्यायिक समिति हो । यसलाई सहयोग गरौं, अदालतको बोझ आफैं कम हुन्छ, बोझ घटेपछि काममा छरितोपना आउँछ ।', श्रेष्ठले भने । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले अदालतको भवन जस्तै सेवाग्राहीलाई दिइने सेवामा पनि सुन्दर र आकर्षक हुनुपर्ने बताए ।

हेटौंडा उपमहानगर पालिका-२, स्थित १० कठ्ठा क्षेत्रफलमा अदालतको सानोठूलो गरी ७१ कोठे भवन निर्माण भएको हो । २१ कार्तिक २०७७ मा भवन निर्माण सम्झौता गरेको कविन्द्र/नवसिर्जनशील/स्टेल जेभी, काठमाडौंले तोकिएको समयभित्रै १९ साउन २०८० भित्र कार्य सम्पन्न गरेको अदालतले जानकारी दिएको छ । निर्माण कम्पनीले ३ करोड ४० लाख रुपैयाँ भुक्तानी लिन बाँकी रहेको अदालतका श्रेस्तेदार लेखनाथ पौडेलले जानकारी दिए ।

'३४० भुक्तानी पाउनै बाँकी छ । निर्माण कम्पनीले हामीलाई भवन हस्तान्तरण गर्नुभयो ।', पौडेलले भने । न्यायाधीश, कर्मचारी सहित सेवाग्राहीले समेत साँघुरो भवनबाट सेवा लिनुपर्दा समस्या भोग्नु परेको सुनाए । 'अर्थ मन्त्रालयले रकम उपलब्ध नगराएकाले कम्पनीलाई भुक्तानी दिन नसकिएको हो । पैसा नै छैन भनिएको छ । सायद अब अर्को वर्षमात्रै भुक्तानी हुन्छ होला ।', उनले भने ।

जिल्ला अदालत मकवानपुर चारजना न्यायधीश सहित ५६ जना कर्मचारी कार्यरत छन् । २३ करोड ७७ लाख रुपैयाँ लागतमा लिफ्ट भएको मकवानपुरको पहिलो सरकारी कार्यालय बनेको छ । २७ करोड ८९ लाख १४ हजार १ सय ६७ रुपैयाँमा बोलपत्र भएको भवनलाइ कविन्द्र/नवसिर्जनशिल/स्लेट जेभिले १८ करोड १२ लाख ३३ हजार ३६ रुपैयाँमा ठेक्का सकारेको थियो । मूल्यवृद्धि र भेरिएसनआदेशसहित भवन निर्माण २३ करोड ७७ लाख ४ हजार २ सय ४८ रुपैयाँमा सम्पन्न भएको जिल्ला अदालत मकवानपुरले जनाएको छ ।

अदालतमा दुईवटा लिफ्ट, १०२ थान सोलारप्यानल, १० थान अग्निनियन्त्रण सिलिण्डर, २४ थान एसी, ४८ वटा सीसी क्यामेरा जडान गरिएको अदालतले जनाएको छ । नयाँ भवनमा ५ वटा अपाङ्मैत्रीसहित २५ वटा शौचालय रहेको छ । भवनको अण्डरग्राउण्ड पार्किङमा न्यायाधीश, कर्मचारी र कानुन व्यवसायीको सवारीसाधनलाई पार्किङको व्यवस्था मिलाइएको छ ।

भवनमा बालपोषण (स्तनपान) कक्ष, सूचनाप्रविधि कक्ष, मेलमिलाप कक्ष, कानुन व्यवसायी प्रतिक्षा कक्ष, पुस्तकालय, थुनुवा कक्ष लगायतको व्यवस्था छ । विगतको पुरानो भवनमा यी सुविधा उपलब्ध थिएन ।

# थाहा र मनहरी वित्तीय सुशासन मूल्यांकनमा उत्कृष्ठ

साझाकुरा संवाददाता




हेटौंडा, १४ फागुन/ मकवानपुरका १० स्थानीय तहमध्ये थाहा नगरपालिका र मनहरी गाउँपालिका स्थानीय तह वित्तीय सुशासन मूल्यांकनमा उत्कृष्ठ भएका छन् ।

दुवै स्थानीय तहले वित्तीय सुशासन मूल्यांकनमा समान प्रतिशत प्राप्त गरी प्रथम हुन सफल भए । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जिल्ला समन्वय समिति (जिसस) को सहयोगमा मूल्यांकन गरीने वित्तीय सुशासनमा मनहरी र थाहा प्रथम भएका हुन् । यो मूल्यांकनमा योजना, वजेट तथा कार्यक्रमको व्यवस्थापन, कार्यान्वयन क्षमता, लेखांकन तथा प्रतिवेदन, अनुगमन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापनलाई जिससले मूल्यांकन गरी प्रतिवेदन तयार पार्दछ ।

जिल्ला समन्वय समिति मकवानपुरले गत आ.व २०७९/८० को प्रतिवेदनमा मनहरीलाई योजना, वजेट तथा कार्यक्रमको व्यवस्थापनमा ७१ दशमलव ४३ प्रतिशत, कार्यान्वयन क्षमता तथा व्यवस्थापनमा ८१ दशमलव ०३ प्रतिशत, लेखांकन तथा प्रतिवेदनमा ८२ दशमलव ३५ प्रतिशत, अनुगमन, मूल्यांकन तथा लेखापरीक्षणमा ६२ दशमलव ५ प्रतिशत र राजस्व व्यवस्थापनमा ६४ दशमलव ७१ प्रतिशत दिएको छ । जिससले प्रदान गरेको सम्पूर्ण विषयको औषत ७३ दशमलव ५ प्रतिशत प्राप्त गरी मनहरी गाउँपालिका मकवानपुरमै प्रथम भएको हो ।

यस्तै बराबर ७३ दशमलव ५ न अंक प्राप्त गर्नेमा थाहा नगर पालिका पनि रहेको छ । जिससले थाहानगरलाई योजना, बजेट तथा कार्यक्रम व्यवस्थापनमा ६९ दशमलव ०५ प्रतिशत, कार्यान्वयन क्षमता तथा व्यवस्थापनमा ७९ दशमलव ३१ प्रतिशत , लेखांकन तथा प्रतिवेदनमा ७० दशमलव ५९ प्रतिशत, अनुगमन, मूल्यांकन तथा लेखापरीक्षणमा ६८ दशमलव ७५ प्रतिशत र राजस्व व्यवस्थापनमा ७६ दशमलव ४७ प्रतिशत प्रदान गरेको छ ।

यसैगरी कूल ७१ अंक सहित हेटौंडा उपमहानगरपालिका दोस्रो स्थानमा छ भने कैलाश र मकवानपुरगढी गाउँपालिका समान अंक ७० दशमलब ५ ल्याइ तेस्रो स्थानमा रहेका छन् । हेटौंडा उपमहानगरपालिका कार्यसम्पादन मूल्यांकनमा जिल्ला प्रथम भए पनि स्थानीय तह वित्तीय सुशासन मूल्यांकनमा दोस्रो भएको हो ।

# वन व्यवस्थापन, विधान तथा कार्ययोजनासम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ हेटौंडा उपमहानगरपालिका-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहमा दिगो वन व्यवस्थापन, विधान तथा कार्ययोजना तयारी सम्बन्धी ४ दिने तालिम सुरु भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरले तालिमको आयोजना गरेको हो । सामुदायिक वन समूहले विधान तथा कार्ययोजना बनाउदा गर्नुपर्ने कामको बारेमा जानकारी गराउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो । तालिममा डिभिजन वन कार्यालय, मकवानपुरका प्रमुख राकेशप्रसाद चन्द्रबंशी, सामुदायिक वन उपभोक्ता महासंघ, नेपालका केन्द्रीय सचिव डिल्ली गिरी, अर्जुन चापागाई, सन्देश चौधरीलगायतले तालिममा सहजीरकरण गर्ने कार्यक्रम छ । सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा भएको तालिममा हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, सामुदायिक वन उपभोक्ता महासंघ, केन्द्रीय सदस्य रामहरि चौलागाई, स्थानीय महासंघ, हेटौडाका अध्यक्ष शम्भुप्रसाद न्यौपानेलगायतको सहभागिता रहेको छ ।

# मकवानपुरे खेलाडीको बन्द प्रशक्षिण सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ छिमेकी जिल्ला चितवनमा फागुन २१ गतेबाट सञ्चालन हुने बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा सहभागिता जनाउने मकवानपुरे खेलाडीको बन्दप्रशिक्षण सुरु भएको छ ।

मकवानपुरमा भएको १४ औं राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा छनोट भएका खेलाडीलाई बन्द प्रशिक्षणमा राखिएको हो । गत वर्षबाट सुरु भएको बन्द प्रशिक्षण यस वर्ष पनि निरन्तरता दिइएको हो । बन्द प्रशिक्षणमा ९८ जना खेलाडी सहभागी छन् । 'अघिल्लो वर्ष प्रतियोगिता खेल्न जानु अघि बन्द प्रशिक्षण राखेका थियौं । बागमती प्रदेशमै तेस्रो स्थान हाँसिल गर्न सफल भएका थियौं ।', खेलकुद विकास समितिका कार्यालयप्रमुख माधव कोइरालाले भने, 'यस वर्ष पनि बन्द प्रशिक्षणलाई निरन्तरता दिएका हौं । अघिल्लो वर्ष भन्दा राम्रो नतिजा आउने विश्वास लिएका छौं । बन्द प्रशिक्षण एकहप्ता चल्नेछ ।'

आइतबारबाटै बन्द प्रशिक्षण सुरु भएपनि सोमबार एक औपचारिक कार्यक्रमको आयोजना गरिएको थियो । हेटौंडा उपमहानगर पालिका मेयर मीनाकुमारी लामाले बागमती प्रदेशमै उत्कृष्ट प्रदर्शनका लागि शुभकामना व्यक्त गर्दै खेलाडीलाई उज्वल भविष्यको शुभकामना व्यक्त गरे । पछिल्लो समय लागूऔषध दुर्व्यसनले युवाबर्ग ग्रसित भएको उल्लेख गर्दै उनले खेलाडीलाई लागूऔषधबाट टाढा रहन सुझाव दिइन् ।

हेटौंडा स्कूल अफ म्यानेजमण्टका प्रमुख पुरणबहादुर जोशीले अनुशासित भएर खेल्दै जिल्लाको नाम राख्न शुभकामना दिए । राष्ट्रपति रनिङशिल्डको प्रदेश प्रतियोगितामा सहभागिताका लागि हेटौंडा उपमहानगरपालिकाले ६ लाख रुपैयाँ विनियोजन गरेको मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीले जानकारी दिए । बन्द प्रशिक्षणपश्चात् ९८ खेलाडी, १५ अफिसियल र २ जना नेतृत्वसहित ११५ जनाको टोली चितवन प्रस्थान गर्नेछ ।

# बकैयामा सार्वजनिक विदा

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ राष्ट्रिय मगर दिवसको अवसरमा आज मंगलबार बकैया गाउँपालिकाले सार्वजनिक विदा दिएको छ । गत फागुन ५ गते बसेको कार्यपालिका बैठकले फागुन १५ गते राष्ट्रिय मगर दिवसको अवसरमा सार्वजनिक विदा दिने निर्णय गरेको थियो ।

बकैया गाउँपालिकाले सबै धर्म तथा समुदायको सम्मान गर्ने र सबैलाई समान दृष्टिकोणबाट हेर्ने भएकाले मगर समूदायको सम्मानको लागि भोलि सार्वजनिक विदा दिइएको गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बताए । बकैयामा कूल जनसंख्यामध्ये १५ प्रतिशत मगर समुदाय रहेको उनले बताए । मगर समूदाय नेपालको पुरानो आदिवासी समूदायमध्येको एक हो ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



## नि:शुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना

दीर्घायू गुरु हस्पिटल प्रा.लि. चाबहिल मित्रपार्क काठमाडौं, हर्ट फाउण्डेशन हेटौंडा र भुटनदेवी एल्मुनाई एसोसिएसन (भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था) हेटौंडाको संयुक्त आयोजनामा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले इच्छुक सेवाग्राहीहरुले मौकाको फाइदा उठाउनुहोला । शिविरमा आवश्यकता अनुसार औषधिसमेत नि:शुल्क वितरण गरिनेछ ।

**शिविर हुने:**

मिति : २०८० साल फागुन १९ गते शनिबार
स्थान : भुटनदेवी मा.वि. परिसर हेटौंडा-४
समय : विहान ८:०० बजेदेखि

**उपलब्ध हुने सेवाहरु:**

१) स्नायू तथा नशारोग
२) मुटुरोग
३) हाडजोर्नी रोग
४) स्त्री तथा प्रशुति
५) जनरल फिजिसियन

**थप जानकारीको लागि**

- मंगल पेपर मार्ट, कान्तिराजपथ, हेटौंडा-४ (९८५५०७१२८०)
- यति ड्रग हाउस, राप्तिरोड, हेटौंडा-१ (०५७-५२०५१८)
- श्रेष्ठ ट्रेडिङ्ग, टीसीएन रोड, हेटौंडा-१० (९८४५०५७२५०)
- युनियन ड्रग हाउस, हेटौंडा-१० (०५७-५२३१८८)
- बुद्ध मेडिकल हल, हेटौंडा-४ (०५७-५२१४१०)

आयोजक: भुटनदेवी एल्मुनाई एसोसिएसन
(भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था)
सम्पर्क नं.: ९८५१०५८३९२ (अध्यक्ष), ९८४५१०६१२३ (सचिव)



## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# सहमति कार्यान्वयन

बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले आइतबार राखेको सर्वदलीय बैठक बिनानिश्कर्ष सकिएको छ । चालू आर्थिक वर्षको बजेटमा प्रतिपक्षको योजना समेट्ने र संसदीय समितिका सभापति चयनको विषयमा सरकार र प्रतिपक्षीबीचको विवाद समाधानको प्रयासका लागि बोलाइएको सर्वदलीय बैठक पाँच घण्टासम्म चलेको थियो । आज मंगलबार प्रदेशसभा बैठक आह्वान भइसकेको छ । सत्तापक्ष र प्रतिपक्षबीचको विवाद समाधानका लागि सभामुख पाठकले मध्यमार्गी भूमिकामा अघि बढ्ने प्रयास गरेका थिए । सरकारले बजेट पास गराउँदा १८ असारमा प्रतिपक्ष दल नेकपा एमाले र राप्रपासँग छुटेका योजना कार्यान्वयन गर्ने सहमति गरेको थियो । सहमति हालसम्म कार्यान्वयन हुन नसकेको भन्दै एमाले र राप्रपा आक्रामक बन्दै आएका छन् । सर्वदलीय बैठकमा योजना समावेशको सहमति कार्यान्वयनको विषयमा लामो छलफल भएको नेताहरुले बताएका छन् । सर्वदलीय बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रतिपक्षको योजना समेट्ने सहमति कार्यान्वयन गर्न खोज्दा पनि विभिन्न कारणले नसकेको बताएका छन् । 'उहाँले सहमति कार्यान्वयन गर्न चाहँदा पनि नसकेको भन्दै आफ्नो नियत नराम्रो थिएन भनेर प्रतिपक्षलाई विश्वास दिलाउने प्रयास गर्नुभएको थियो ।', बैठकमा सहभागी एक सांसदले भने ।

मुख्यमन्त्रीको भनाईप्रति प्रतिपक्ष दलका नेताहरुले सरकारको कुनैपनि बहाना स्वीकार नहुने बताएपछि बैठक बिनानिश्कर्ष सकिएको हो । सरकार माथि प्रतिपक्षले थुप्रै आरोपहरु लगाएपछि मुख्यमन्त्री रिसाएको बताइएको छ । बैठकमा राप्रपा संसदीय दलका नेता उद्धव थापा आक्रामक बनेका थिए । उनले सरकारलाई बेइमानी र गलत नियत भएको आरोप लगाउनुका साथै निर्वाचित सांसदलाई ८ लाख र गठबन्धनका सांसद भएकैले ५ करोडसम्मका योजना दिने भन्दै कड्किएका थिए । सरकारले बजेट कार्यान्वयन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कानुनी व्यवस्था भन्दा बाहिर रहेर बजेट रकमान्तर गर्न नहुने सम्बन्धीको पत्र र सर्वोच्च अदालतको 'सांसद विकास कोष' कार्यान्वयन नगर्न दिएको अन्तरिम आदेशलाई कारण देखाएको नेताहरुले बताएका छन् । हरेकपटकको वार्तामा सरकारले एउटै कारण देखाएपछि पूरक बजेट ल्याएर भएपनि सहमति कार्यान्वयन गर्नुपर्ने अडान प्रतिपक्ष दलले राखेका थिए । राप्रपा संसदीय दलका नेता थापाले सहमति कार्यान्वयनको विकल्पको रुपमा पूरक बजेट ल्याउन सरकारलाई अनुरोध गरेको बताए । पूरक बजेट ल्याउन सरकार सकारात्मक नदेखिएपछि सहमति हुन नसकेको उनको भनाई छ । 'अख्तियार र सर्वोच्चको आदेशले सहमति कार्यान्वयनमा अप्ठेरो परेको भए पूरक बजेट ल्याउन आग्रह गर्‍यौं । तर, उहाँहरु पन्छिन मात्रै खोज्नुभयो । प्रतिपक्षलाई पेलेरै जाने योजनामा उहाँहरु देखिनु भएको छ ।', थापाले भने ।

सरकारले सहमतिको नाममा पटक-पटक झुक्याएको भन्दै आफू बैठकमा आक्रोशित रुपमा प्रस्तुत भएको स्वीकार गरे । बैठकमा सहमति कार्यान्वयनको विषयमा छलफल भएता पनि सरकारबाट कुनै ठोस निश्कर्ष नआएको एमालेले बताएको छ । सरकारलाई उपयुक्त कुनैपनि विधिबाट सहमति कार्यान्वयन हुनुपर्ने आग्रह गरेको बताइएको छ । असारमा सहमति गरेपछि तीन महिनासम्म सरकार चुपचाप बसेको र १५ कार्तिकमा मात्रै अख्तियारबाट पत्र आएकोले त्यसलाई कारण मान्न तयार नभएको दाबी प्रतिपक्षको छ । सरकारले पूरक बजेटबाट भएपनि सहमति कार्यान्वयनमा जोड दिनुपर्ने उनीहरुको भनाई छ । संसदीय समिति सभापतिको विषयलाई सबै दलका सचेतकको कार्यदल बनाएर एक महिनाभित्र निचोड निकाल्ने सहमति बनेको बताइएको छ । एकवर्षदेखि प्रदेशसभाको पाँचवटा संसदीय समिति सभापतिविहीन छ । ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक सञ्चालन हुँदै आएको छ । पाँचवटा समितिमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सातवटै दलले दाबी गरेपछि सहमति हुन नसकेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १६ गते बुधबार २८ फेब्रुअरी २०२४ । चतुर्थी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:३२, सूर्यास्त ६:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आफन्तले कुरा काट्नेछन् | तुला | : नयाँ कार्य सम्पन्न हुनेछ |
| वृष | : आत्मविश्वास बढ्नेछ | वृश्चिक | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| मिथुन | : मान, प्रतिष्ठा बढ्नेछ | धनु | : सन्तानबाट सन्तोष मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता मिल्नेछ | मकर | : विवाद पर्न सक्नेछ |
| सिंह | : सहमतिका कार्यहरु हुनेछन् | कुम्भ | : दाम्पत्य सुख मिल्नेछ |
| कन्या | : आफन्तको सहयोग मिल्नेछ | मीन | : रमाइलो यात्रा हुनेछ |

# इतिहासलाई नबङ्ग्याऔं



✍ अमृता लम्साल

कुरा आफैंले लेखेको पुस्तक 'मिडिया, महिला र म' बाटै सुरु गरौं । गत असोज २७ गते २०८० को दिन उक्त किताबको विमोचन भएको थियो । विमोचन भएको भोलिपल्ट बिहानै लेखक प्रभा कैनीको इमेल पाएँ ।

उहाँले, मेरो पुस्तकमा भएका त्रुटिबारे यस्तो लेख्नुभएको थियो- 'अर्को कुरा, २० पेजमा नै २०११ सालमा राजा त्रिभुवनबाट गठित सल्लाहकार सभामा मंगलादेवी, मायादेवी शाह, विद्यादेवी देवकोटा, पुण्यप्रभा ढुङ्गाना र प्रतिभा झा मनोनित भए लेख्नुभएको रहेछ । विद्या देवकोटा मेरी आमा हुनुहुन्छ । आमाले भनेको मलाई थाहा भएन । आमाको किताब छ एउटा त्यसमा पनि उल्लेख भए झैं लागेन । साँच्चै यो हो भने आमाको ऐतिहासिक घटनामा थप्नुपर्ने हुन्छ । आमाको किताब म फेरि दोहोर्‍याउँछु, कतै यसको प्रसङ्ग छ कि ! तपाईं पनि यसको स्रोत मलाई उपलब्ध गराउनुहोस् न है !'

इमेल पढेपछि मेरो नाक-मुख सुक्यो । कति मिहिनेत गरेर लेखेको किताबमा 'पहिलो गाँसमै ढुङ्गा !' भने जस्तै लाग्यो । कुरा जे लेखेको भए पनि मैले कतै नपढी त यस्तो पक्कै लेखिनँ । तर, केमा पढें होला ? भनेर खोज्न थालें । किताब लेखनको क्रममा थुप्रै किताब तथा लेखहरू पढेकी थिएँ । अब कुनबाट यस्तो तथ्य निकालें होला भनेर सबै डकुमेन्ट थुपारें ।

एउटा गल्ती के गरेछु भने, सकेसम्म हरेक स्रोतलाई पाद टिप्पणीमा उल्लेख गर्ने गरेकोमा त्यसमा स्रोत उल्लेख गर्न छुटाएछु । मैले मात्र होइन, किताब सम्पादन गर्ने पत्रकार/सम्पादक विमल आचार्य र किताब पर्फेक्ट होस् भनेर पानापिच्छे राम्रो बनाउन खटाइलाई कडाइकासाथ पालन गर्न जोड दिने अक्षर क्रिएसनकी अध्यक्ष डाक्टर अर्चना थापाको नजरबाट पनि त्यसमा स्रोत नखुलाएको कुरा चिप्लिएछ । किताब निस्कनु अगाडि प्रभा कैनी विद्यादेवी देवकोटाको छोरी भन्ने थाहा पाएको भए, त्यतिबेलाको अरू कुराहरू पनि सोध्न पुगिन्थ्यो होला ।

धन्न एक घन्टाजति रुमल्लिएपछि स्रोत फेला पर्‍यो । त्यो कुरा महिला सुरक्षा दबाब समूहले २०७७ साल असोजमा प्रकाशन गरेको पुस्तक, 'नेपाली महिलाको ऐतिहासिक आन्दोलन एक शताब्दी'मा प्रकाशित राजनैतिक व्यक्तित्व शशि श्रेष्ठको लेख 'नेपालमा महिला आन्दोलन'बाट साभार गरेकी रहिछुह उक्त पुस्तकको पेज ३५ मा ती कुराहरू छापिएको रहेछ । किताबको अर्को संस्करणमा उपरोक्त कुरा पक्कै सच्याइनेछ ।

आज यस्ता सन्दर्भहरूको बारेमा लेख्न लागेकोले आफ्नै किताबमा भएको गलत तथ्यबाट नै सुरु गरेकी हुँ ।

अर्को सन्दर्भ- मंगलादेवी सिंहको, २०५१ मा प्रकाशित किताब, 'नारी संघर्षका पाइलाहरू'मा नेपाली महिलाले २०१५ सालमा मात्रै पहिलो पटक भोट हालेको उल्लेख रहेछ, जबकि २०१० साल भदौ १७ गते भएको काठमाडौं नगरपालिकाको चुनावमा साधना प्रधान निर्वाचित भएकी थिइन् । यस्ता कुराहरू सच्याउँदै नजाने हो भने इतिहास नै यताउति पर्ने सम्भावना हुनसक्छ ।

यो कुरा लेख्ने वा लेखाउनेले पनि भनिदिनुपर्छ । मंगलादेवी त अहिले हुनुहुन्न तर, उहाँका परिवार, हितैषी र नेपाली कांग्रेसको भ्रातृ संगठन महिला संघ त सक्रिय नै छ । त्यो सच्याउने काम उहाँहरूबाट भए पनि राम्रै हुन्थ्यो ।

२०११ सालसम्म पशुपतिनाथको मन्दिरमा 'कुकुर र अछूतलाई प्रवेश निषेध' भनिएको रहेछ । त्यही वर्ष 'जाततोड मण्डल'ले सिद्धिबहादुर खड्कीको संयोजकत्वमा पशुपतिनाथ मन्दिरमा प्रवेश गर्न आन्दोलन गरिएको रहेछ । यसको जानकारी मैले, मिठाइदेवी विश्वकर्माबाट पाएकी हुँ ।

उहाँसँग मैले 'हजुरआमाका कथा' लेख्ने बेलामा कुराकानी गरेकी थिएँ । मसँग अझै पनि उहाँसँग कुराकानी गरेको रेकर्ड सञ्चित छ । साथै, उहाँको कथा 'सेतोपाटी' अनलाइनमा २०७६ साल भदौ ९ गते प्रकाशित भएको थियो ।

उहाँका अनुसार, उहाँ त्यो आन्दोलनको समयमा भारतमा सुँडेनी तालिम लिन जानुभएको कारणले, उहाँकी बहिनी लगायत परिवारका सदस्यहरू हुनुहुन्थ्यो, तर उहाँको उपस्थिति थिएन । त्यो दिन आन्दोलन चर्कियोह लाठीचार्ज समेत भयो र ७५० जना पक्राउ परे । उहाँकै मुखबाट 'म त्यहाँ थिइनँ' भने पनि बारम्बार उहाँ त्यहाँ हुनुहुन्थ्यो भनेर लेखिन्छ । तथ्य थाहा भइसकेपछि ऐतिहासिक कुराहरू त तोडमरोड नगरे हुन्थ्यो जस्तो लाग्छ तर सच्याउन किन गाह्रो हुन्छ होला ?

त्यसैगरी बारम्बार नभएको कुरालाई फलानाले नै गरेकै हो भन्ने अर्को प्रसंग, योगमायाले सती प्रथा अन्त्य गर्न माग गरेको भन्नेबारे पनि हो । यसबारेमा मानिसहरूलाई अझै पनि भ्रम छ ।

योगमायाले, राणा शासकहरूसँग मागेको 'सत्य-धर्म-भिक्षा' थियो 'सती प्रथा' होइन । अर्थात्, स्थानीय स्तरमा भएको सामाजिक असमानता, अन्याय, शोषणको विरुद्धमा उनले आवाज उठाएकी थिइन् । यसबारेमा, 'योगमाया' उपन्यासकी लेखक नीलम कार्की 'निहारिका'ले पनि योगमायाको माग सती प्रथा अन्त्य गर्ने नभएको भनेर पटक-पटक भन्नुभएको छ । तर, मानिसहरू यस कुरालाई ध्यान नै दिंदैनन् वा सच्याउन चाहँदैनन् ।

योगमायाकै बारेमा, त्रिविका सह-प्राध्यापक राम लोहनी भन्नुहुन्छ, '१९२० मा सती प्रथाको अन्त्यको घोषणा भएको हो । त्यो घोषणामा योगमायाको मागको पनि असर परेको ठान्नु अस्वाभाविक त होइन । किनभने योगमायाको माग सती प्रथाको अन्त्यको पनि थियो । तर योगमायाले जलसमाधि लिएको कारण चाहिं सती प्रथाको अन्त्यको माग राखेर होइन । किनभने त्यो बेला सती प्रथा कानुनत: अन्त्य भइसकेको थियो । योगमायाले वि.सं १९९८ मा जलसमाधि लिएकी थिइन् । योगमायाको पछिल्लो माग 'धर्मराज्य' को थियो ।' जोसुकैले जेसुकै भने पनि, मानिसहरू त्यही कुरालाई बारम्बार दोहोर्‍याइरहन्छन् ।

कतिसम्म भएको छ भने, कसैले त्यो कुरा बोलिरहँदा, उनीहरूकै अगाडि, 'त्यो त होइन है !' भन्योह लेखेर आउँदा त्यही नै प्रकाशित भइरहेको हुन्छ । त्यसैगरी इतिहासले बिर्सिसक्न लागेको तथ्यमध्ये एक तथ्य, छोरीलाई पैत्रिक सम्पत्तिमा हक दिलाउन डाक्टर शान्ता थपलियाले खेल्नुभएको भूमिका पनि कतिपय ठाउँमा मेटिइसक्यो । अनुसन्धानमूलक लेखहरूमा पनि उहाँलाई विरलैले स्थान वा क्रेडिट दिन छाडिसके ।

त्यो बेला, उहाँको नेतृत्वमा पछिलागेर हिंड्ने हामी जिउँदैछौंह तर मानिसहरू लाजै नमानी उहाँको देनलाई नदेखेको जसरी गायब पारिदिन्छन् । यो त धेरै अगाडिको कुरा पनि होइनह उहाँ जिउँदै हुनुभएको भए, उहाँलाई यसो गर्न गाह्रै हुन्थ्यो होला ! यसरी तथ्यलाई बङ्ग्याउँदै जाने हो भने फेरि पनि इतिहासमा केही नाम र केही कामहरू हराउँछन्/मेटिन्छन् ।

धेरै अगाडिको कुरा छाडौं, इतिहास लेख्न चाहिने माध्यमहरू भनेको अन्तर्वार्ता, त्यतिबेलाको लेख, फोटो आदि हुन् । यदि कसैले ती व्यक्तिहरूलाई चिनेको, त्यो व्यक्ति वा उसले, उनले गरेको कामसँग वा घटनाहरूसँग जोडिएको थियो भने वा रेकर्ड गरेर राखेको छ भने, त्यसैमा आधारित रहेर त्यसबारेमा जान्ने अरू व्यक्तिहरूसँग सोधेर, खोजेर पनि लेख्न सकिन्छ ।

तर, दोस्रो पक्षले नै पहिलो पक्षको कुरा लुकाएर आफूलाई मात्रै अगाडि ल्याउने काम गरिरहन्छ भने इतिहास कसरी तथ्यपूर्ण हुन्छ ? हाम्रो देशमा कतिपय विषयमा त्यही नै भइरहेछ भन्दा अत्युक्ति नहोला । यो त 'फेक न्युज' ले बजार हल्लाएको कुरा जस्तै हो । 'फेक न्युज' वर्षौं वर्षसम्म इतिहासमा कसरी जरा गाडेर बस्छ भन्ने कुरामा पनि एउटा उदाहरण पेश गर्न चाहन्छु ।

सन् १९६८ सेप्टेम्बर ७ मा अमेरिकाको न्युजर्सी राज्यको एटलान्टिक सिटी ब्रोडवाकमा 'मिस अमेरिका प्रोटेस्ट' भएको थियो । त्यो दिन देशका विभिन्न भागबाट करिब २०० महिलावादीहरू जम्मा भएका थिए । उनीहरूको उद्देश्य, 'मिस अमेरिका'को विरोध थियो । त्यसको संयोजक अमेरिकी नारीवादी महिला रबिन मोर्ग्यान थिइन् । उनी, उही रबिन थिइन्, जो सन् १९९४ मा नेपाल समेत आएकी थिइन् । उनले आफ्नो बसाइको क्रममा यहाँका केही महिलाहरूलाई तालिम दिएकी थिइन् ।

रबिन र उनको समूहले गरेको त्यो दिनको धर्ना कार्यक्रममा उनीहरूले एउटा फोहोर फाल्ने भाँडो, जसलाई 'फ्रिडम ट्र्याश क्यान' भनेर उल्लेख गरिएको छ । त्यसमा आफूहरूलाई मन लागेको महिलासँग सम्बन्धित वस्तुहरू जस्तै, मेकअपका सामानहरू, भुईं पुछ्ने मपहरू, नक्कली परेलाहरू, हेयर स्प्रे, ब्राहरू फालेका रहेछन् । उनीहरूले 'विमेन्स लिबरेसन' लेखेको ब्यानर देखाएका रहेछन् । त्यति गर्दा पनि ब्रा जलाएका थिएनन् भनेर रबिनले धेरै पटक धेरै ठाउँमा भनिसकेकी छन् ।

बरु त्यहाँ, भियतनाम वारको विरुद्ध प्रदर्शन गर्नेहरूले उनीहरूको 'ड्राफ्ट कार्ड'हरू जलाएका थिए भनिन्छ । यसबारेमा पत्रकार तथा कलेजका विद्यार्थीले पनि रबिनको अन्तर्वार्ता गरेका छन् उनले त्यो दिन त्यसरी ब्रा जलाइएको थिएन भनेकी छन् । त्यस दिनको अर्को साक्षी तत्कालीन न्युयोर्क पोस्टको रिपोर्टर, लिन्डसे भ्यान गेल्डरले पनि ब्रा जलाएको होइन भनेर लेखेकी छन् तर महिलाहरूलाई हियाउन त्यो कुराको प्रचार भइनैरहेको छ । अमेरिका धेरै टाढाको देश, यहाँ समेत बारम्बार त्यसको उदाहरण दिइरहिन्छ ।

भ्यान गेल्डरले सन् १९९२ मा पनि 'ब्रा बर्निङ' इस्युबारे एउटा लेख लेखेकी रहिछन्, जुन लेखमा त्यो कुरा नसच्चिएकोमा हार खाँदै लेखेकी छन् :


"The Mother of the Myth of the Maidenform Inferno." (Maidenform is a brand of lingerie.) In it, she reiterates that no bras were burned on the boardwalk on September 7, 1968."

अन्त्यमा, मेरो पनि एउटै प्रश्न- यदि गलत कुराले इतिहास नै गलत देखिने हामीलाई थाहा हुँदाहुँदै, मानिसहरू आफ्नो वा अरूको कुरामा किन नभएका कुरालाई बढाइँचढाइ गर्छन् वा अरूले गरेको कामलाई निमिट्यान्न पार्न खोज्छन् ? *(साभार: अनलाइनखबर)*

# सजिलो छैन अमेरिका पस्न र बस्न



✍ कृष्णमणि पराजुली



> कामका लागि अमेरिका प्रवेश गर्नेहरूले सुरुमा यहाँ काम पाउने भनेको निम्नकोटिकै हो । धेरै अमेरिकी नागरिकले गर्न नसक्ने र गर्न नरुचाउने कामै बाहिरबाट आउनेले गर्ने हो । तर राम्रो अध्ययन गरेर विज्ञता प्राप्त गरेकाले भने राम्रै आम्दानी गरेका पनि छन्, यस्तो अवसर कमै मात्रका लागि हुने गरेको देखिन्छ ।

आज मात्र होइन, धेरै अघिदेखि धेरै नेपालीका लागि अमेरिका सपनाको देश थियो । मेरै समकालीन साथीहरू आजभन्दा करिब ५० वर्षअघि (२०३२ सालतिर) अमेरिका गएका थिए, अध्ययनका लागि । अहिलेसम्म उनीहरू अमेरिकामै छन् । सायद ती साथीहरू अब नेपाल फर्किंदैनन् । उनीहरूका सन्तान त झनै नेपाल फर्किंदैनन्, किनकि उनीहरू त्यहीं जन्मिए, त्यहीं हुर्किए र उनीहरूले अमेरिकालाई नै आफ्नो जन्मभूमि, कर्मभूमि र आफ्नो धर्ती बनाइसके अर्थात् अमेरिकी नागरिक भइसके । मेरा साथीहरू पनि अमेरिकाकै नागरिक बनिसकेका छन् । अब उनीहरू नेपाल फर्किएर आफ्नै धर्तीमा बस्ने कुनै गुन्जायस देखिँदैन । अमेरिकाको स्थायी बसाइ र त्यहाँको रहनसहनमा अभ्यस्त भइसकेकाहरू नेपाल फर्कन सक्ने अवस्था पनि सायद हुँदैन ।

पहिलेदेखि नै अमेरिका पस्न त्यति सजिलो थिएन । पहिले पनि अमेरिका जाने माध्यम भनेकै विद्यार्थी भिसा थियो, अहिले पनि विद्यार्थी भिसा नै छ । पहिले अमेरिका पस्न चोरबाटो अपनाउन पर्दैनथ्यो । बरु अमेरिकी सरकारले राखेका विभिन्न सर्त र कानुनको पालना गर्नु अनिवार्य थियो नै । सबै प्रक्रिया पूरा गर्दैमा भिसा प्राप्त हुनेमा पहिले पनि विश्वस्त हुन सकिँदैनथ्यो, अहिले पनि त्यस्तै हो । यो कुरा मूलत: अध्यागमन अधिकारीमा भरपर्दो रहेछ । तर सरकारी कर्मचारी, कुनै संस्थाको प्रतिनिधि र सरकारको सिफारिसमा देशको तर्फबाट जानेहरूका लागि भने केही सहजता हुँदोरहेछ ।

कतिपय नेपाली सानोतिनो प्रयासले अमेरिका छिर्न सक्दा रहेनछन् । त्यसकारण उनीहरू चोरबाटो प्रयोग गरी लाखौं रुपैयाँ खर्चेर अमेरिका पुगेका पनि छन् । धेरै देश हुँदै जीवनलाई नै दाउमा राखेर अमेरिका पुग्नुको के अर्थ हुन्छ र ? यद्यपि मानिसले यही देश किन पराउँछन् ? किन मरिहत्ते गर्छन् ? किन आफ्नो देश छाड्न चाहन्छन् ? यिनै प्रश्नको उत्तर खोज्न यो सानो आलेखमा जमर्को गरिएको छ ।

अमेरिका पस्न यति कठिन छ भने यहाँ बस्न पनि त्यति सजिलो छैन । नेपालको तुलनामा यहाँको जनजीवन निकै कष्टकर छ । सामाजिक सद्भाव यहाँ देखिँदैन । जोडिएको घरसँग कुनै सम्बन्ध जोडिएको हुँदो रहेनछ । सम्बन्धको के कुरा गर्नु, आँखासम्म जुध्न सक्दो रहेनछ, सहयोग त परैको कुरो भयो ।

अमेरिकाले यसरी विश्वलाई तानेको छ कि जसरी र जे धन्दा गरेर भए पनि मानिस गएकै देखिन्छन् । नेपालकै सन्दर्भलाई जोड्ने हो भने केही समयअघि नक्कली भुटानी शरणार्थी बनेर धेरै नेपाली अमेरिका प्रवेश गरेछन् । यस काण्डमा कतिपय उच्च तहका व्यक्तिहरू पनि मुछिए । ठुला मानिसको संलग्नता भएको हुँदा निश्चय नै ठुलै आर्थिक चलखेल भएको हुन सक्छ । त्यसकारण यसरी चोरबाटोबाट जान पनि सामान्य मानिसलाई फलामको चिउरा चपाउनुजस्तै रहेछ । बरु यस्ता कुरामा प्रवेश नै नगर्नु उत्तम हुनेछ ।

निश्चय नै, अमेरिका विश्वकै विकसित मुलुक हो । अहिले विश्वमा उसैको साम्राज्य चलेको छ । यहाँ विज्ञान र प्रविधिको अत्यधिक विकास भएको छ, जसले गर्दा मानिसले लामो समय लगाएर गरिआएको काम क्षणभरमा सम्भव भएको छ । यहाँ ज्ञान छ, विज्ञान छ, सीप छ, अनि विकास छ । यिनै कारणले गर्दा अत्यधिक विकास भएको छ । सबै कुरा उपलब्ध हुने भएकाले नै मानिसको ताँती यहाँ हुँदो रहेछ ।

आफ्नो धर्ती भनेको आफ्नै हो । यो नबुझेर भौतिक लाभका लागि मात्र मानिस यहाँ आउने गर्दा रहेछन् । बाहिरबाट आउने धेरै मानिसमा यहाँको परिवेश अमिल्दो हुने भएकाले कुनै काम तथा व्यवसाय गर्न अलि कठिनै हुँदो रहेछ । हरेक कामकुरा प्रविधिमा आधारित हुने भएकाले यसमा अभ्यस्त हुन मुस्किलै पर्दोरहेछ । प्रविधिको पूर्ण ज्ञान नभएकालाई सोही अनुरूपको काम पाउन मुस्किल छ । कामका लागि अमेरिका प्रवेश गर्नेहरूले सुरुमा यहाँ काम पाउने भनेको निम्नकोटिकै हो । धेरै अमेरिकी नागरिकले गर्न नसक्ने र गर्न नरुचाउने कामै बाहिरबाट आउनेले गर्ने हो । तर राम्रो अध्ययन गरेर विज्ञता प्राप्त गरेकाले भने राम्रै आम्दानी गरेका पनि छन्, यस्तो अवसर कमै मात्रका लागि हुने गरेको देखिन्छ ।

अमेरिकी सरकारको ईडीभी कार्यक्रम अन्तर्गत आउनेहरूको पनि अवस्था कठिन देखिन्छ । व्यावसायिक र पेसागत काम उपलब्ध नहुँदा दैनिकी चलाउनका लागि जस्तो पायो, त्यही काम गर्नुपर्दा एकातिर पारिश्रमिक न्यून र अर्कोतर्फ काम पनि कठिन हुँदो रहेछ । वैधानिकता नहुने भएकाले लुकिछिपी छिरेकाहरूलाई झनै समस्या पर्दो रहेछ । काम पाउनका लागि मानिसले आफूसँग भएको वैधानिक कागजपत्र पेस गर्नैपर्छ । यी कागज नभएका र चोरबाटोबाट प्रवेश गर्नेका लागि जीवन धान्नैका लागि कठिन हुँदो रहेछ, अनि परिएन त फन्दामा ?


सामाजिक सुरक्षा नम्बर भएकाहरूका लागि पनि सोचेजस्तो हुँदोरहेनछ । एक त आफ्नो अनुकूलको काम पाउन गाह्रो, अर्को पाए पनि त्यसबाट पाउने पारिश्रमिकमा तिर्नुपर्ने करको र कम ज्यादै ठुलो । काम गर्‍यो-गर्‍यो सरकारलाई करबापत बुझाउँदैमा ठिक्क । सस्तो र पेट भर्ने किसिमबाट मानिसले खाइरहेकै हुन्छन्, तर घर भाडाले निकै टाउको दुखाउँदो रहेछ । एउटा सानो घर वा अपार्टमेन्ट लिनका लागि आम्दानीको तुलनामा निकै चर्को पर्दो रहेछ । यो भनेको तिर्न सक्ने क्षमता नै हुँदो रहेनछ । त्यसैले कतिपय विदेशी नागरिकहरू भिन्नभिन्न कोठामा बस्ने र किचेन सेयर गर्दा रहेछन् । यसरी कष्टकर र अप्ठेरो अवस्थामा जीवन चलाउनुले मानिसलाई के फाइदा हुन सक्छ र ? अहँ, यसरी अमेरिकामा बस्नुलाई कुनै हालतमा पनि राम्रो भन्न सकिँदैन ।

अमेरिका आउने हो भने राम्रै अध्ययन गरेर वैधानिक बाटोबाट आउनुपर्छ । अमेरिका भन्दैमा सबै कुरा राम्रो हुने होइन । विज्ञता, क्षमता, व्यावसायिकता, कार्यकुशलताजस्ता अवयव जहाँ पनि आवश्यक हुन्छन् । त्यसमा पनि अमेरिका जस्तो विकसित देशमा राम्रो काम पाउन यी कुरा हुनैपर्छ । अन्यथा दु:खको भुमरीमा परिन्छ नै । संसारको सबभन्दा विकसित देश भन्दैमा ह्वात्तै हाम फाल्न भने हुँदैन । सकिन्छ भने अमेरिकीलाई माथ गर्ने गरी जाने, होइन भने आफ्नै धर्तीलाई गोडमेल गरेर जीवन निर्वाह गर्ने ।

*(साभार: रातोपाटी)*

# अनुदान बाँड्न लिएको ऋण तिर्न फेरि ऋण थप्दै सरकार

काठमाडौं/सरकारले खासगरी भूकम्पपछिको पुनर्निर्माण र कोभिड-१९ विरुद्ध लड्न बेपर्वाह ऋण लिएपछि अहिले आएर त्यसको भुक्तानीमा पुन: ठूलो परिमाणमा ऋण नै लिनुपर्ने अवस्था सिर्जना भएको छ ।




अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्ष (आव) २०८१/८२ को बजेटको सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्दै ऋणको सावाँ-ब्याज भुक्तानीका लागि थप १ खर्ब रुपैयाँ आवश्यक रहेको बताए ।

यसको अर्थ अगामी आवमा सरकारले वित्तीय व्यवस्था (ऋणको सावाँ-ब्याज भुक्तानी) गर्न करिब सवा ४ खर्ब रुपैयाँ विनियोजन गर्नुपर्ने छ ।

चालु आवमै सरकारले त्यो शीर्षकमा ३ खर्ब ७ अर्ब रुपैयाँ विनियोजन गरेको छ । यसमध्ये अधिकांश रकम खर्च हुनेछ । आगामी वर्ष यसभन्दा १ खर्ब रुपैयाँ थप विनियोजन गर्दा त्यो ४ खर्ब ७ अर्ब रुपैयाँभन्दा बढी हुनेछ ।

सरकारले भूकम्पपछिको पुनर्निर्माणका लागि विदेशी दातासँग ३ खर्ब ८७ अर्ब रुपैयाँ सहयोग सम्झौता गरेको थियो । त्यसमध्ये करिब ६० प्रतिशत ऋण थियो । यस हिसाबले सरकारले पुनर्निर्माणका लागि वैदेशिक ऋण नै २ खर्ब ३२ अर्ब लिएको थियो ।

त्यस अतिरिक्त ठूलो मात्रामा आन्तरिक ऋण पनि यो काममा खर्च भएको छ । भूकम्पछिको पुनर्निर्माण भएका सालहरु २०७२/७३ देखि २०७७/७८ सम्म आन्तरिक ऋण औसत ३० प्रतिशतले वृद्धि भएको छ भने २०७४/७५ मा एकै वर्ष ३८ प्रतिशत वृद्धि भएको थियो । २०७६/७७ मा ३५ प्रतिशत सम्मले विस्तार भएको थियो ।

त्यस्तै कोभिड-१९ सँग जुध्न तथा पुनरुत्थानका लागि पनि सरकारले २ अर्ब ५० करोड अमेरिकी डलर अर्थात् अहिलेको विनिमयदर अनुसार ३ खर्ब ३० अर्ब रुपैयाँ वैदेशिक ऋण लिएको अर्थ मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

यसरी सरकारले भूकम्प र कोभिडका नाममा मात्रै ५ खर्ब ६२ अर्ब रुपैयाँ वैदेशिक ऋण लिएको देखिन्छ । भूकम्प पीडितको घर बनाउन अनुदान दिने प्रयोजनका लागि सरकारले ऋण लिएर ठूलो रकम खर्च गरेको थियो ।

अहिले खासगरी भूकम्प पछिको पुननिर्माणमा लिएको ऋण तिर्ने बेला भएकाले सावाँ-ब्याजको दायित्व बढेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख दीर्घराज मैनालीले बताए ।

'भूकम्प र कोभिडपछिको पुनरुत्थानका लागि सरकारले वाह्य र आन्तरिक ऋण ठूलो मात्रामा लिएको थियो, त्यसको भुक्तानीको दायित्व सरकारमा छ,' उनले भने । पछिल्लो समय राजस्व संकलन कमजोर भएकाले सरकारले दायित्व भुक्तानीका लागि ऋणको हिस्सा बढाउँदै लैजानुपरेको पनि उनी बताउँछन् ।

'अहिले नै ऋणको सावाँ-ब्याज भुक्तानी धान्नै नसक्ने अवस्था नभए पनि ऋण सही ठाउँमा खर्च भएको छ कि छैन भन्ने विषयमा भने ध्यान दिनुपर्छ,' उनी भन्छन् । सरकारले चालु आवमा ४ खर्ब ५३ अर्ब ऋण लिने लक्ष्य राखेको छ भने आगामी आव ५ खर्ब ५ अर्ब ऋण लिनुपर्ने प्रक्षेपण राष्ट्रिय योजना आयोगले गरेको छ । त्यसमध्ये २ खर्ब १० अर्ब वाह्य ऋण र २ खर्ब ९५ अर्ब रुपैयाँ आन्तरिक ऋण हुने प्रक्षेपण पनि योजना आयोगको छ ।

### आठ वर्षमा चार गुणा बढ्यो सार्वजनिक ऋण

भूकम्पपछिको आठ वर्षमा सरकारी ऋणको आकार चार गुणाले बढेको छ । २०७१/७२ मा कुल सार्वजनिक ऋणको आकार ५ अर्ब ४० अर्ब रुपैयाँ मात्रै थियो । त्यसमध्ये आन्तरिक ऋण १ अर्ब ९७ अर्ब र वाह्य ऋण ३ खर्ब ४३ अर्ब थियो । तर, चालु आव माघ मसान्तमा कुल तिर्न बाँकी ऋण २३ खर्ब ८६ अर्ब पुगेको छ । त्यसमध्ये ११ खर्ब ८४ अर्ब रुपैयाँ आन्तरिक र १२ खर्ब २ अर्ब वाह्य ऋण छ ।

गत आवको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा अहिलेको ऋणको अनुपात ४४ प्रतिशत हो । जबकि, आठ वर्षअघि कुल ऋण जीडीपीको २२ प्रतिशत मात्रै थियो । यसबीच भूकम्प र कोभिड महामारी जस्ता विपद आइलागेकाले तिनको प्रभावबाट पार पाउन सरकारले ऋण लिएर ठूलो मात्रामा खर्च गरेको थियो ।

त्यस्तै वाह्य ऋणको तुलनामा आन्तरिक ऋण वृद्धि तीव्र छ । २०७१/७२ मा १ खर्ब ९७ अर्ब रुपैयाँ आन्तरिक ऋण थियो । त्यो हाल ६ गुणाले बढेर ११ खर्ब ८४ अर्ब पुगेको छ । वाह्य ऋण भने साढे ३ गुणा मात्रै बढेको छ । त्यसबेला ३ खर्ब ४३ अर्ब रहेकोमा अहिले १२ खर्ब २ अर्ब पुगेको छ ।

नेपालको अहिलेको ऋणको स्तर स्वीकार्य भए पनि यसलाई थप बढ्न नदिन सरकारले ध्यान दिनुपर्ने अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) का डेपुटी डिभिजन चिफ डा. टिडियान किन्डा बताउँछन् । 'पछिल्लो समय नेपालमा ऋणको आकार बढिरहेको छ, जसले सचेत हुनुपर्ने संकेत भने गर्छ,' संचारकर्मीसँगको पछिल्लो अन्तर्वार्तामा उनले भने ।

त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र विभाग प्रमुख प्रा.डा. शिवराज अधिकारी नेपालमा ऋणको विषयमा हामसम्म बनेको भाष्य नै परिवर्तन गर्नुपर्ने बेला आएको बताउँछन् । 'ऋण लिएर खर्च गर्दा त्यसले प्रतिफल दिन्छ, त्यसो हुँदा ऋण आफैंमा नराम्रो होइन भन्ने भाष्य अहिलेसम्म छ,' उनले भने, 'तर, नेपालमा त्यसले काम गरेन । सरकारले ऋण लिएर खर्च गरेको गऱ्यै छ, त्यसले प्रतिफल दिएको छैन ।'

सरकारको मात्रै होइन, निजी क्षेत्रमा गएको कर्जाले पनि प्रतिफल नदिएको उनको भनाइ छ । 'अहिले निजी क्षेत्रमा जीडीपीको करिब शतप्रतिशत कर्जा गएको छ । सरकारले ४४ प्रतिशत लिएको छ, त्यसरी हेर्दा अर्थतन्त्रमा जीडीपीको १ सय ४४ प्रतिशत कर्जा गएको देखिन्छ,' उनले भने, 'त्यसले प्रतिफल नदिएकाले दायित्व मात्रै बढाउने काम भएको छ ।'

जीडीपीको ५० प्रतिशत कर्जा लिनुलाई ठिकै मानिए पनि नेपाललाई त्यही नै बोझ भएको उनले बताए । 'कुनै बेला जीडीपीको ६७ प्रतिशतसम्म पुगेको थियो, त्यसो हुँदा अहिलेको ऋणको तह धेरै होइन, तर हामीले कार्यान्वयन नै गर्न सकेनौं,' अधिकारी भन्छन् ।

त्यसो हुँदा ऋणलाई जीडीपीको अनुपातमा होइन, प्रतिफलसँग जोडेर हेर्नुपर्ने उनी बताउँछन् । 'भूकम्पपछिको पुनर्निर्माणलाई स्रोतको समस्या हुँदा ऋण लिनु ठिकै थियो । तर, निरन्तर ऋणको आकार बढाउँदै जानु र त्यसले प्रतिफल नदिनु गम्भीर हो,' उनले भने ।

सरकारले ऋण तिर्न ऋण लिइरहेकाले त्यसबाट प्रतिफल ल्याउने अपेक्षा नै गर्न नहुने उनले बताए । सरकारको ऋण सम्बन्धी तौरतरिका नै अमिल्दो भएको उनको भनाइ छ । 'अहिले नेपाल ऋणको पासोमा परेको छ,' उनले भने ।

सरकारले ऋण लिएर पूँजीगत खर्च बढाएको भए त्यसलाई सकारात्मक मान्न सकिने उनी बताउँछन् । 'सरकार ऋण चाहिँ लिइरहेको छ, तर ठेकेदारहरूले भुक्तानी पाएका छैनन्, यस्तो अभ्यासले राम्रो गर्दैन,' उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# विवाह गर्दै नन्दिता, क्यानडामा गरिन् इन्गेजमेन्ट

काठमाडौं/अभिनेत्री नन्दिता विवाह बन्धनमा बाँधिने भएकी छन् । यही फागुन १९ गते शनिबार काठमाडौंमा उनको विवाह हुन लागेको हो । डा. अरविन्द्र कटवालसँग उनले विवाह गर्न लागेकी हुन् । केही दिनअघि क्यानडाको बान्फ नेशनल पार्कमा नन्दितालाई कटवालले विवाहको प्रस्ताव राख्दै औंठी पहिराइदिएका थिए । उक्त तस्वीर सेअर गर्दै नन्दिताले आफूले 'हुन्छ' भनेको उल्लेख गरेकी छन् ।



आइतबार उनले प्रेमीसँगको एक रोमान्टिक तस्वीर सार्वजनिक गर्दै आफू 'सिंगल' नर हेको जनाएकी थिइन् । सोमबार साँझ उनले इन्गेजमेन्टको तस्वीर सार्वजनिक गरेकी हुन् । प्राप्त जानकारी अनुसार, नन्दिताका हुनेवाला श्रीमान् अरविन्द्र कार्डियोलोजिस्ट हुन् । उनी अमेरिकाको नर्थ क्यारोलिना राज्यमा बस्ने गरेका छन् । नन्दिता पनि विगत लामो समयदेखि अमेरिकामै बस्दै आएकी छन् ।

एक दशकअघि नन्दिताको नेपाली फिल्ममा राम्रो माग थियो । तर, अमेरिका गएपछि उनले अभिनयलाई निरन्तरता दिएकी छैनन् । फिल्म 'इन्द्रेणी'बाट डेब्यू गरेकी उनको पछिल्लो रिलिज फिल्म 'जंगबहादुरको कोट' हो । उनले 'हामी तीन भाई', 'बाटो मुनीको फूल', 'बसमा छैन यो मन', 'सपना, 'त्रिशुल', 'पराई', 'लोग्ने मान्छे', 'युद्ध' लगायतका दुई दर्जन बढी फिल्ममा अभिनय गरेकी छन् ।

# कस्तो होला 'मोदीबेनी'मा वर्षा र अमरको केमेस्ट्री ?

काठमाडौं/अभिनेत्री वर्षा सिवाकोटीले फिल्ममा नयाँ अनुहार (अभिनेता)सँग कमै काम गरेकी छन् । प्राय: स्थापित कलाकारसँग उनको जोडी बाँधिएको छ । तर, नयाँ फिल्म 'मोदीबेनी'मा उनले नव-अभिनेता अमर प्रताप श्रेष्ठसँग स्क्रिन साझेदार गर्दैछन् । फिल्ममा उनीहरु जोडीको रुपमा प्रस्तुत हुनुपर्ने भएकाले दुवै एकअर्कासँग घुममिल भइरहेका छन् । अहिले उनीहरुबीच राम्रो 'बोन्डिङ' बनेको छ ।



एक कलाकारमा हुनुपर्ने सबै गुण अमरमा देखिन्छन्, वर्षा । 'कार्यशालामा अमरको काम हेर्दा मेहनती कलाकारको रुपमा देखेकी छु । उसमा एउटा कलाकारमा हुनुपर्ने सबै गुण छ भन्ने लाग्छ,' उनले भनेकी छन् । अमरसँग कार्यशालामा 'बोन्डिङ' भइसकेकाले छायांकनमा नयाँजस्तो महसुस नहुने उनको विश्वास छ । नयाँ कलाकार तथा मेकरसँग सिक्ने अवसर पनि पाइने उनी बताउँछिन् ।

अमर भने आफ्नो मनपर्ने अभिनेत्रीको जोडी बन्न पाएकोमा खुसी छन् । 'वर्षाजी मलाई एकदमै मनपर्ने अभिनेत्री हुनुहुन्छ । आफ्नो फेभरेटसँगको कामबाट डेब्यू गर्न पाउनु मेरो लागि अहोभाग्य हो । उहाँ मेरो को-एक्टर मात्र नभएर मेरो सिनियर पनि हो । हाम्रो केमेस्ट्री जम्छ भन्नेमा म विश्वस्त छु,' उनले भने । अमर फिल्मका लागि नयाँ भए पनि उनले केही नाटकमा काम गरिसकेका छन् ।

'मोदीबेनी'को पहिलो चरणको छायांकन भइसकेको छ । जसमा वर्षा र अमरको दृश्य थिएन । यही फागुन १६ गतेबाट हुन लागेको दोस्रो चरणको छायांकनमा भने उनीहरुकै बढी सिन छ । करिब पैंतिस-चालिस वर्ष पहिले र हालको कथालाई मिश्रण गरी निर्माण हुन लागेको फिल्मका निर्देशक शंकर कोइराला हुन् । उनीसँग फिल्म तथा म्यूजिक भिडियो सम्पादनको दशक लामो अनुभव छ ।

फिल्ममा वर्षा र अमरसँगै सरोज खनाल, रेजिना उप्रेती, दिलीप केसी, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेह भट्टराई, लाबिस लगायतको पनि अभिनय रहनेछ । डिनेस्ट इन्टरटेनमेन्टको प्रस्तुतिमा बन्न लागेको 'मोदीबेनी'लाई आनन्द बिक्रम क्षेत्रीले लेखेका हुन् । दीलिप केसी निर्माता र हरि श्रेष्ठ सह-निर्माता रहेको फिल्मका छायाँकार उत्सव दाहाल हुन् ।

# लघुवित्तका ऋणीले संसदमाथि बोलेको धावा

काठमाडौं/सोमबार नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा प्रतिनिधि सभा र राष्ट्रिय सभाको बैठक चलिरहेको थियो । प्रतिनिधि सभामा अर्थमन्त्री डा. प्रकाशशरण महत आउँदो वर्षको बजेट कस्तो हुने भनेर बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिरहेका थिए ।

त्यही बेला लघुवित्त वित्तीय संस्थाका झण्डै ५० जना ऋणीहरु नाराबाजी गर्दै संसद भवन परिसरमा प्रवेश गरे । सुरक्षाकर्मीहरुलाई पन्छाउँदै संसद बैठक स्थलतर्फ अगाडि बढेका उनीहरुलाई मर्यादापालक आएर रोके । लघुवित्तका ऋणीहरुले भुईंमै सुतेर नाराबाजी गरे, सांसदतिर चोर औंला उठाए ।

प्रहरीको थप फोर्स आएपछि ४८ जना महिला र एक पुरुषलाई प्रहरीले पक्राउ गरेर तुरुन्तै सिहंदरबार वृत्तमा लगिएको छ । सुरक्षा कमजोरीबारे सभामुख देवराज घिमिरेले चासो राखे, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुरक्षा प्रमुखहरुको आकस्मिक बैठक गरे । प्रहरी प्रधान कार्यालयले संघीय संसद भवनको सुरक्षामा खटिएका प्रहरी निरीक्षकसहित ३२ जनालाई फिर्ता गरेर नयाँ टोली पठाएको छ । अनि, घटनाबारे छानबिन गर्न महानगरीय प्रहरी कार्यालय रानीपोखरीका एसएसपी दिनेशराज मैनालीको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरेको छ ।

सरकारले संघीय संसदको सुरक्षाका लागि नयाँ बानेश्वर क्षेत्रमा प्रदर्शन गर्न निषेध गरेको छ । माइतीघरदेखि बानेश्वरसम्मको सडकलाई समेत प्रदर्शन गर्न नमिल्ने गरी निषेधित क्षेत्र तोकिएको छ । तर लघुवित्तका ऋणीहरु कसरी संसद भवन पुगे भनेर छानबिन समितिले पत्ता लगाउला ।

तर यो घटनाले संसदमाथि भने गम्भीर प्रश्न उठाएको छ । लघुवित्तबाट ऋण लिएका ऋणीहरुले ऋण तिर्न नसक्दा उठीबास लाग्ने स्थिति आएको भन्दै झण्डै एक वर्षदेखि काठमाडौं केन्द्रित आन्दोलन गर्दै आएका छन् ।

तर सरकारले मात्र होइन, संसदले यो समस्या सम्बोधनका लागि गम्भीर पहल गरेको छैन । संसदको शून्य र विशेष समयमा केही सांसदले लघुवित्त समस्याको विषय उठाएका त छन्, तर संसदमा यसबारे अहिलेसम्म जरुरी सार्वजनिक महत्वको प्रस्ताव, संकल्प प्रस्तावमा छलफल भएको छैन ।

विपक्षी दलहरुले पनि यो मुद्दालाई लिएर सरकारलाई कहिल्यै अठ्यारोमा पारेन । पछिल्लो साता विपक्षी दलहरुले सरकारलाई हायल कायल पारेको छ, सोमबार त प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले संसदमा नाराबाजी नै गऱ्यो ।

तर लघुवित्त ऋणीहरुको समस्या सम्बोधनका लागि होइन, बालकुमारी घटनामा जाँचबुझ आयोगले दोषी किटान गरेका र अख्तियारमा बयान दिएका दुई मन्त्रीको राजीनामाबारे प्रधानमन्त्रीको जवाफ माग्दै अवरोध गरेको थियो ।

जबकी देशका विभिन्न स्थानबाट मुग्लिनमा जम्मा भएका लघुवित्त ऋणीहरु ७ दिन हिँडेर काठमाडौं आएका थिए । सांसदहरुलाई भेटेर आफ्ना मुद्दा उठाइदिन आग्रह गरेका थिए । सुनुवाई नभएपछि आफ्नो समस्या सुनाउन सुरक्षा घेरा तोडेर संसद भवनमा प्रवेश गरेको लघुवित्तका ऋणीहरुको आन्दोलनको नेतृत्व गरेका रामकृष्ण चौधरी बताउँछन् ।

'सरकारलाई भनियो, सांसदहरुलाई भनियो, तर कसैले सुनिदिएन' चौधरीले भने, 'संसद भवन छिरेपछि सबैले सुन्ला भनेको उल्टै प्रहरीले घेरा हालेर राख्यो ।' प्रहरीले घेरा हालेपछि उनीहरु सिंगो संसदको ध्यान तान्न भने सफल देखिएका छन् । संसद भवन परिसरको सोमबारको दृष्यले आफू भावुक भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठ बताउँछन् ।

'सिंगो सदनको प्राथमिकता र सरकारको हिँडाई कता छ भन्ने आजको संसद भवन परिसरभित्र र बाहिरको दृष्यले देखाउँछ', उनले भने ।

आफूहरुले मिटरब्याज पीडित र लघुवित्तका ऋणीहरुको विषय संसदमा उठाएको भएपनि त्यसले नपुगेको आभास भएको उनले बताए । 'संसद र सरकारको एक वर्षलाई हेर्ने हो भने जनताको विषयमा काम गर्न सकेका छैनौं', श्रेष्ठले संचार कर्मीसँग भने, 'पीडितको पक्षमा काम गर्न सरकारबाट बिजनेस पाएको छैन । संसद स्वयंले पहलकदमी लिन सकेको छैन ।' एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरी नागरिक स्तर बाट विद्रोहको संकेत देखा परेको बताउँछन् । यद्यपि लघुवित्तका ऋणीहरुको समस्या आफूहरुले पटकपटक उठाउँदा पनि सरकारले नसुनेको उनको आरोप छ ।

'जनताको विषयमा एमालेले सरकारको ध्यानाकर्षण गराउँदै आएको छ, तत प्रतिपक्षले जति धेरै कुरा उठाएपनि सरकार सुन्न तयार छैन', उनले संचार कर्मीसँग भने, 'सरकार जनताको कुराप्रति संवेदनशील देखिएन ।'

एमालेले मन्त्रीहरुको राजीनामा मागेर जसरी सरकारलाई अठ्यारोमा पारेको छ, लघुवित्त तथा सहकारी पीडितहरुको मुद्दामा पनि त्यस्तो गरेन नि भन्ने प्रश्नमा उनले मन्त्रीहरुका सम्बन्धमा उठाएका प्रश्न पनि उत्तिकै गम्भीर रहेको बताए ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पनि संसदमा जनताका समस्या ओझेलमा परेको बताउँछन् । सोमबार नै प्रतिनिधिसभाको शून्य समयमा बोलेका उनले भनेका थिए, 'यताका (सत्तापक्ष)ले उताका (प्रतिपक्ष) लाई दागी देखाउने उताका (प्रतिपक्ष)ले यता (सत्तापक्ष)कालाई दागी देखाउने दोहोरी चलिरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

## ललितानिवासमा डोजर चलाउने महानगरको हतारोमा अदालतको तगारो

काठमाडौं/बालुवाटार स्थित ललितानिवासमा रहेका केही संरचनामा डोजर चलाउने काठमाडौं महानगरपालिकाको तयारी अदालतले रोकेको छ ।

उच्च अदालत पाटनले ललितानिवासको जग्गा खाली गराउने निर्णय तत्काल कार्यान्वयन नगर्न काठमाडौं महानगरपालिकाका नाममा अन्तरिम आदेश जारी गरेसँगै डोजर चलाउने तयारी रोकिएको हो ।

आइतबार र सोमबार उच्च अदालतको फरक-फरक इजलासले ललितानिवासको जग्गा तत्काल खाली गराउन काठमाडौं महानगरपालिकाले प्रकाशन गरेको सूचना कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो ।

सोमबार गैरआवासीय नेपाली संघ महानगरपालिकाको सूचना विरुद्ध उच्च अदालत पुगेको थियो । न्यायाधीश पुरुषोत्तमप्रसाद ढकालको इजलासले अन्तरिम आदेश जारी गरेको हो ।

उच्च अदालतले आइतबार पनि यही विषयमा चार मुद्दामा अन्तरिम आदेश जारी गरेको थियो । न्यायाधीश प्रकाश खरेलको इजलासले आइतबार ललितानिवासमा रहेका निजी घरजग्गा र अरू संरचना खाली नगराउन आदेश दिएको हो ।

विशेष अदालतले दुई साताअघि ललितानिवास जग्गा गैर कानुनी रूपमा व्यक्तिका नाममा दर्ता भएको ठहरसहित जग्गा सरकारी हुने फैसला गरेको थियो । फैसला लगत्तै महानगरपालिकाले ललितानिवास क्षेत्रमा घर बनाएर बसेका जग्गा धनीलाई घर खाली गर्न र संरचना हटाउन सूचना निकालेको थियो ।

महानगरपालिकाको सूचना विरुद्ध सानुछोरी बज्राचार्य, सरिता मानन्धर श्रेष्ठ, रेणुका बज्राचार्य, नुतन श्रेष्ठ लगायतले चार समूह बनाएर उच्च अदालत पाटन पुगेका थिए । न्यायाधीश खरेलको इजलासले ती छुट्टाछुट्टै मुद्दामा अन्तरिम आदेश जारी गरेको हो ।

उच्च अदालतले महानगरपालिकालाई ललितानिवासको जग्गा खाली गराउन खोज्नुको कारणसहित जवाफ पेश गर्न पनि काठमाडौं महानगरपालिकालाई आदेश दिएको छ । विशेष अदालतले ललिता निवासको सरकारी जग्गा सार्वजनिक हुने फैसला गरे पनि त्यसको कार्यान्वयन हुन भने समय लाग्छ ।

फैसलाको पूर्णपाठपछि मुद्दाको दुवै पक्ष माथिल्लो तहमा पुनरावेदन दिन पाउँछन् । सर्वोच्च अदालतले मुद्दा अन्तिम रूपमा टुंग्याएपछि मात्रै फैसला कार्यान्वयन हुने भन्दै निवेदकहरूले महानगर पालिकाको आदेश कार्यान्वयन गर्न नहुने माग गरेका थिए ।

### महानगरको हतारमा ब्रेक

उच्च अदालतले अन्तरिम आदेश दिनुको कारण हो- महानगर पालिकाले हतारमा निकालेको सूचना । बहुचर्चित ललितानिवासको जग्गाबारे विशेष अदालतले ३ फागुनमा दीप बस्न्यात र छविराज पन्तसहित ८० भन्दा बढीलाई दोषी ठहर गरेको थियो ।

विशेष अदालतका सदस्यहरू डा. खुसीप्रसाद थारु, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त बस्न्यात र पूर्वसचिव छविराज पन्तलाई दुई वर्ष कैद सजाय सुनाएको थियो ।


भूमाफिया किटान गरिएका भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मीनबहादुर गुरुङ, शोभाकान्त ढकाल र रामकुमार सुवेदीलाई पनि दुई वर्ष कैद सजाय सुनाइएको थियो ।

इजलासले ६५ जग्गाधनीको पनि जग्गा जफत हुने आदेश गरेको थियो । तर, उक्त आदेश फैसलाको पूर्णपाठ र कार्यान्वयनको प्रतिवेदन नआउँदै महानगरपालिकाले सूचना निकालेर हट्न भनेको थियो । महानगरपालिकाले गत बुधबार (९ फागुन, २०८०) मा एक सूचना जारी गर्दै बालुवाटारस्थित ललिता निवासको जग्गा जफत (सरकारीकरण) भएको भन्दै एक साताभित्र खाली गराउन सार्वजनिक सूचना निकाल्यो ।

*(स्रोत: अनलाइनखबर)*

# ब्रम्हानन्दमले खेलेको 'ह्रस्व दीर्घ'को विदेशमा डिमाण्ड

काठमाडौं/केही वर्षयता नेपाली निर्मातालाई फिल्मको लगानी उठाउन हलको व्यापारमा मात्र निर्भर हुनुपर्ने अवस्था छैन । विदेश र डिजिटल राइट्स आम्दानीको राम्रो स्रोत बनिरहेको छ । कतिपय फिल्मको त यी दुई माध्यमबाटै लगानी सुरक्षित हुने गरेका छन् । अभिनेत्री नीता ढुंगानाको निर्माण तथा अभिनय रहेको फिल्म 'ह्रस्व दीर्घ'ले पनि विदेश राइट्सबाट लगानीको केही हिस्सा उठाइसकेको छ ।




गत जनवरी अन्तिममा साउथ सुपरस्टार ब्रम्हानन्दमलाई चित्रित गर्दै फर्स्टलुक पोस्टर सार्वजनिक गरेपछि विदेशमा फिल्मको माग चुलिएको छ । पोस्टर रिलिज लगत्तै फिल्मको जापान र कोरिया राइट्स एकसाथ विक्री भएको थियो । अब अमेरिका र क्यानडाका लागि रमेश भट्टको एभरेष्ट इन्टर टेनमेन्ट र अभिजित राईको इ-पिक इन्टरटेन्मेन्टले फिल्मको प्रदर्शन अधिकार खरिद गरेका छन् ।

चन्द्र पन्तको निर्देशन रहेको फिल्ममा नेपाली र भारतीय कलाकारको पल्टन नै छ । फिल्ममा साउथबाट ब्रम्हानन्दमका साथै अली, प्रदीप रावत र कबीर दुहान सिंहको अभिनय छ भने नेपालबाट नीतासँगै हरिहर अधिकारी, विपना थापा, सरोज खनाल, सञ्चिता लुईंटेल, बुद्धि तामाङ, प्रशान्त ताम्राकार, र विन्द्र झा, किरण केसी, गरिमा शर्मा, आदर्श मिश्रा लगायतको पनि अभिनय रहेको छ ।

हरिहर अधिकारी स्वयंको लेखन रहेको फिल्मको अब तेस्रो सेड्यूलको १० दिनको छायांकन बाँकी छ । जुन भारतमा गर्ने तयारीमा निर्माण टिम छ । 'ह्रस्व दीर्घ'लाई भारतका छायाँकार कवीरलालले खिचिरहेका छन् । उनले 'दिल आपके पास है', 'वेलकम ब्याक', 'परदेश' जस्ता हिन्दी फिल्म छायांकन गरिसकेका छन् । फिल्मलाई आगामी दशैंको छेको पारेर असोज ११ गते प्रदर्शन गरिँदैछ ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बकैया कला-साहित्य महोत्सव सकियो

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ झरना साहित्यिक परिवार मकवानपुरले बकैया गाउँपालिका-९, शिखरपुर स्थित कालीदेवी माविमा शुक्रवार र शनिवार दुई दिने बकैया कला-साहित्य महोत्सव-२०८० सम्पन्न गरेको छ ।

३१ औं वार्षिकोत्सवका अवसरमा दुईदिने महोत्सव गरिएको संस्थाका सचिव मसान उपासकले जानकारी दिए । महोत्सवको पहिलो दिन शुक्रबार गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले महोत्सवको उद्घाटन गरेका थिए । झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षतामा कार्यक्रम भएको थियो । शुक्रबार बकैया गाउँपालिकास्तरीय कविता प्रतियोगिता र चित्रकला प्रतियोगिता गरिएको थियो ।



चित्रकलामा इमोन राई, सुस्मिता मोक्तान र सुदीप घलान तथा कवितामा कालीदेवी माविबाट राज भोलोनको त्याग शीर्षकको कविता, जनक माविबाट सुदीप गोङ्वातामाङको सोझो नेता शीर्षकको कविता र महेन्द्र माविबाट कुसुम लुइटेलको मेरा बा र परदेश शीर्षकको कविता उत्कृष्ट घोषित भएका थिए । महोत्सवको दोस्रो दिन शनिवार झरनाले विभिन्न ८ जनालाई सम्मान समर्पण गरेको छ । पुरस्कार समर्पण सत्र बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख अतिथ्यतामा भएको हो ।

यो सत्रमा साहित्यसेवी नुरप्रसाद गौतमले मातापिताको सम्मानमा स्थापना गरेका नगद रु २१ हजार १२१ राशीसहितको होमनाथ-टीकामाया प्रतिभा सम्मान-२०८० डा. गीता त्रिपाठीलाई प्रदान गरिएको छ । यस्तै साहित्यसेवी विनोद सुवेदीले मातापिताको नाममा स्थापना गरेको नगद रु १५ हजार ५५५ राशीसहितको बाबुलाल-भोजमाया स्मृति साहित्य सम्मान-२०८० कवि साम्ब ढकाललाई प्रदान गरिएको छ ।

यस्तै, साहित्यसेवीहरु अर्पण पराजुली र दर्पण पराजुलीले मातापिताको स्मृतिमा स्थापना गरेको नगद रु ७ हजार ७७७ राशी सहितको खडानन्द-मनमाया युवाप्रतिभा सम्मान-२०८० स्याङ्जाका मिलन समीर, साहित्यसेवी राजन दंगालले दिवंगत छोरीको स्मृतिमा स्थापना गरेको नगद रु ७ हजार ७७७ राशसहितको सुशीला दंगाल स्मृति सिर्जनशील नारी सम्मान-२०८० गजलकार बिमला कार्की, साहित्यसेवी तुलसी गिरीले स्थापना गरेको नगद रु ७ हजा ७७७ राशीसहितको सञ्जीवनी बुटी साहित्य सेवा सम्मान-२०८० भरतप्रसाद सापकोटा सम्मानीत भएका छन् ।

नन्दादेवी गौतमले छोरा स्व.गोकर्ण गौतमको स्मृतिमा स्थापना गरेको नगद रु ११ हजार १११ राशीसहितको गोकर्ण गौतम स्मृति पत्रकारिता सम्मान-२०८० पत्रकार रामकुमार एलन, चन्द्रकुमार राईले स्थापना गरेको नगद रु ५ हजार ५५५ राशीसहितको झरना-बकैया नवप्रतिभा पुरस्कार-२०८० गजलकार अजर फुयाँल, बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले पिताको नाममा स्थापना गरेको नगद ७ हजार ७७७ राशीसहितको खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान-२०८० बाट बाँसुरीबादक विष्णु घतानी सम्मानित भएका छन् ।

# बागमतीमा १६ फागुनबाट पीपीआर खोप अभियान



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ बागमती प्रदेशभित्रमा फागुन १६ गतेदेखि पिपीआर खोप अभियान सुरु गरिने भएको छ । सोमबार हेटौंडामा संघीय कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले आयोजना गरेको एक कार्यक्रममा १६ गतेदेखि पिपीआर खोप लगाउने अभियान गरिने जनाइएको हो ।

मन्त्रालयका सहसचिव डा. सम्झनाकुमारी काफ्लेको अध्यक्षतामा भएका छलफल कार्यक्रममा बागमती प्रदेशका कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव राजेन्द्र कोइरालाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा. गौरीमान श्रेष्ठ, प्रदेश भित्रका पशुसेवा कार्यालयका प्रमुख, प्रचिनिधिमूलक स्थानीय तहका पशुशाखा प्रमुख, वडाका पशुप्राविधिकलगायतको सहभागिता रहेको थियो ।


कार्यक्रममा पशुपंक्षी सम्बन्धी ऐन नियम, निर्देशिका, कार्यविधि आदिको कार्यान्वयन र तर्जुमा, आव ८०/०८१ को पशुस्वास्थ्यसम्बन्धी कार्यक्रमहरु, पशुस्वास्थ्य सूचना प्रणाली, भोगिएका समस्या र भावी योजनाबारे तीन तहकै पशु स्वास्थ्यकर्मीले बृहत छलफल गरेका थिए । पशुपालक किसानले सहजरुपमा खोप अभियानमा साथ दिइरहेको पशु प्राविधिकले जनाएका छन् ।

विगतमा केही किसान खोपप्रति डरभाव देखाउने गरेका किसान अहिले अभियानमा उत्साहका साथ सहभागिता जनाउने गरेको पाइएको प्राविधिकहरुले बताएका थिए । कार्यविधि आवश्यक छ, स्थानीय तहमा कार्यविधि नहुँदा सेवा प्रदान गर्न असहज भइरहेको उनीहरु बताउँछन् । पिपीआर मात्र नभई, खोरेत, रेविज, लम्की स्कीन, वर्डफ्लु, स्वाईनफ्लु लगायत अन्य खोप कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन भइरहेको सहभागीले जनाएका थिए ।

प्रदेशका सिन्धुली, रामेछाप र दोलखामा भने नाईट्रोजनको समस्या रहेको जिल्लाका कार्यालय प्रमुखले गुनासो व्यक्त गरेका थिए । खोप अभियानलाई सार्थकता बनाउन र सहज ढंगले अभियानलाई सफल बनाउन सम्बन्धित पशुसेवा कार्यालयलाई प्रदेश मन्त्रालयका सचिव कोइरालाले निर्देशन दिएका छन् ।

# रहेनन् भजनशिरोमणि भक्तराज आचार्य

साझाकुरा संवाददाता



हेटौंडा, १४ फागुन/ गायक तथा संगीतकार भक्तराज आचार्यको निधन भएको छ । भजन शिरोमणिको उपनामले परिचित आचार्यको सोमबार ललितपुरको मेडिसिटी अस्पताल लैजादै गर्दा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

३० वर्षदेखि क्यान्सर पीडित ८२ वर्षीय आचार्य दूध मात्रै खाएर बाँचिरहेका थिए । अपराह्न साढे ४ बजेतिर अचानक अक्सिजन लेभल कम भएपछि छोरा स्वरुपराज लगायतते उनलाई मेडिसिटी अस्पताल लैजाँदै गर्दा बाटोमै निधन भएको हो । आचार्यको पार्थिव शरीरलाई मंगलबार बिहान ९ बजे संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको परिसरमा अन्तिम श्रद्धाञ्जलीका लागि राखिने भएको छ । राष्ट्रिय सम्मानका साथ उनको बिदाइ गर्ने तयारी रहेको छ ।

उनी नेपालको धनकुटामा जन्मेका थिए र भारतको कालिम्पोङमा हुर्केका थिए । सन् १९७० को दशकमा दार्जिलिङका गायकहरु नेपाल आउने क्रममा उनी नेपाल आएका थिए । सन् १९७३ मा रेडियो नेपालले आयोजना गरेको अखिल नेपाल गीत प्रतियोगितामा स्वर्णपदक जितेपछि आचार्यको गायनयात्रा सुरु भएको थियो । उनले ४५० वटा गीत रेकर्ड गरेका थिए भने २५-३० वटा गीतरचना गरेका थिए । उनले साढे एक वर्षमै बुबा गुमाएका थिए । सोहीबेला गाउँमा चलेको महामारीका कारण आमासँगै उनी भारतको डुअर्सको चियाबगान पुगेका थिए जहाँ उनका जीवनका ३१ वर्ष बिताएका थिए ।

बिस्तारै आमाको अवस्था पनि कमजोर हुँदै गएपछि कम उमेरमै उनले पारिवारिक दायित्व सम्हाल्नुपरेको थियो । जस्तोसुकै विपत्तिमा पनि संगीतप्रतिको उनको लगाव जारी नै रह्यो । ‘संगीतप्रभाकर’सम्म उनले अध्ययन गरेका थिए । तीसको दशकको सुरुवातसँगै उनको सांगीतिक जीवनले मोड लिएको थियो । वि.सं. २०३० सालमा काठमाडौंमा भएको ‘अधिराज्यव्यापी राष्ट्रिय गीत प्रतियोगिता’मा उनले गाएको गीत प्रथम भएको थियो र उनले स्वर्णपदक प्राप्त गरेका थिए । यस गीतका संगीतकार तथा रचनाकार अम्बर गुरुङले पनि स्वर्णपदक प्राप्त गरेका थिए ।

प्रतियोगितामा प्रथम भएपछि रेडियो नेपालमा जागिरे भएका थिए । त्यसयता वि.सं. २०४६ सालसम्ममा उनले साढे चार सय गीत रेकर्ड गरिसकेका थिए । दुई दर्जनबाहेक सबै गीत उनले आफ्नै रचनामा तयार पारेका थिए । उनले धेरैजसो भजन र त्यसबाहेक आधुनिक, गजल, राष्ट्रिय, बालगीत लगायत कोएर, ब्यालेट, कवितागायन र चलचित्रको पार्श्वगायनसमेत गरेका छन् । युगल गीत भने चारवटा मात्रै गाएका छन् । वि.सं. २०४६ सालको एक साँझ बौद्धमा सौतिक हमला भएपछि भक्तराजका टाउकामा झन्डै सयभन्दा बढी टाँका मार्नुपरेको थियो । त्यसयता लगभग उनको गायनयात्रामा विराम लागेको थियो ।

# हाँडीखोलामा कोल्डस्टोर बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ उत्पादित तरकारी भण्डारण गरी उचित समयमा बिक्री गर्न सकिने प्रबन्धको लागि मकवानपुरको मनहरी गाउँपालिकाले हाँडीखोलामा कोल्डस्टोर निर्माण सुरु गरेको छ ।



मनहरी गाउँपालिकाले करिब सवा ६ करोडभन्दा बढी लगानीमा ३ नम्बर वडामा निर्माण हुन लागेको कोल्ड स्टोरको सोमबार शिलान्यास गरिएको छ । गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष सीता पुलामीमगरसहित वडाध्यक्षको उपस्थितिमा शिलान्यास गरिएको हो । हिमालयन नमोवुद्ध जेभीले ६ करोड २८ लाख ४५ हजारमा कोल्ड स्टोर निर्माण गर्ने सम्झौता गरेको छ ।

तकारीको पकेट क्षेत्र मानिने हाँडीखोलामा कोल्डस्टोर निर्माण भएपछि त्यस क्षेत्रमा उत्पादित तरकारीको भण्डारण गर्ने र उचित मूल्य प्राप्त भएपछि मात्रै बिक्री गर्ने सुविधा किसानले पाउनेछन् । कोल्डस्टोरको क्षमता चार सय मेट्रिकटन हुनेछ । निर्माण कम्पनीले २४ महिनाभित्र कोल्डस्टोर निर्माण सक्ने प्रतिवद्धता जनाएको छ । शिलान्यास कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष कालाखेतीले साविक हाँडीखोलाबासीका लागि कोल्डस्टोर गौरवको आयोजना भएको बताए । निर्वाचनमा आफूले पहिलो एजेण्डाको रुपमा कोल्डस्टोर निर्माणलाई अघि सारेको स्मरण गर्दै कालाखेतीले योजना साकार हुन लागेकोमा खुशी व्यक्त गरे ।

गाउँपालिका उपाध्यक्ष मगरले कोल्डस्टोर निर्माणपश्चात हाँडीखोलाका तरकारी उत्पादक किसानलाई ठूलो लाभ मिल्ने विश्वास व्यक्त गरिन् । किसानले उब्जाएको तरकारीले मूल्य नपाएको अवस्थामा कोल्डस्टोरमा राखी उचित मूल्य आएपछि बिक्री गर्न सक्ने सुविधा किसानले पाउने पुलामीले बताइन् । मनहरी-३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले निर्माण कम्पनीलाई समयमा काम सम्पन्न गर्न आफूले सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गरे ।

शिलान्यास कार्यक्रममा वडा नं १ का वडाअध्यक्ष शिवप्रसाद खनाल, ५ का वडाअध्यक्ष दीपेन्द्र अधिकारी, ९ का वडाअध्यक्ष र ाजकुमार श्रेष्ठ, गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र भट्टराई लगायतको उपस्थिति रहेको थियो । कोल्डस्टोर निर्माणका लागि स्थानीय गणेशकुमारी उप्रेतीले १० धुर जग्गा उपलब्ध गराएकी हुन् ।

# प्रधानमन्त्रीलाई दुग्ध संघ मकवानपुरको ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ मकवानपुर जिल्ला दुग्धउत्पादक सहकारी संघले मकवानपुरका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

सोमवार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा केन्द्रीय दुग्ध सहकारी संघका संचालक सदस्य विदुर हुमागाईले मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईसमक्ष ज्ञापनपत्र बुझाएको हो । संघको घोषित आन्दोलन अन्तरगत ज्ञापनपत्र बुझाइएको हुमागाईले बताए । मुलुकको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेको दुग्धउत्पादन व्यवसाय दिनानुदिन धरासायी हुँदै गईरहेको तथा दुग्धउत्पादक किसानको आम्दानीको एकमात्र स्रोत पशुपालन ब्यवसाय अन्तरगत उत्पादन हुने दुग्ध बिक्री नहुने र बिक्री भएको दुग्धको रकम समेत समयमा भुक्तानी नहुने कारणले किसान गम्भिर पीडामा रहेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

सरकारी स्वामित्वको दुग्ध बितरण आयोजना र निजी क्षेत्रबाट सञ्चालित डेरी उद्योगबाट किसानले पाउनुपर्ने भुक्तानी रकम बिगत ६ महिनादेखि नपाएको र किसानले उत्पादन गरेका कुनैपनि कृषिजन्य उत्पादनले बजार नपाएको तथा बजारमा भारतीय उत्पादनले भरिभराउ रहेका कारण नेपाली किसानले उत्पादन फ्याक्नुपर्ने अवस्था श्रीजना भएको बताइएको छ ।

साथै केन्द्रीय दुग्ध सहकारी संघद्वारा घोषणा भएको आन्दोलनका कार्यक्रमप्रति ऐक्यबद्धता जनाउँदै मकवानपुबाट आन्दोलनको आँधिबेरी श्रीजना गर्ने संघले चेतावनी दिएको छ । किसानको समस्या समाधानको लागि आयोजित आन्दोलनमा सबै पक्षबाट साथ र सहयोग रहनेमा संघले अपेक्षा गरेको छ ।

# वर्कसपमा बिस्फोट हुँदा १ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ बाराको निजगढ नगरपालिका-७, निजगढ बजारमा रोहित वर्कसपमा शंकास्पद वस्तु पड्किँदा एक जनाको मृत्यु भएको छ । ५ जना घाइते छन् ।

मृत्यु हुनेमा निजगढ-५ का अन्दाजी ४५ वर्षीय रेशम मगर रहेको जिल्ला प्रहरी कार्यालय, बाराका डीएसपी दधिराम न्यौपानेले बताए । मगरको बयोधा अस्पताल वीरञ्जमा उपचारका क्रममा मृत्यु भएको हो ।

डीएसपी न्यौपानेका अनुसार घटनामा ५ जना घाइते छन् । घाइते हुनेमा बाराका ४५ वर्षीया सूर्यबहादुर थापा, वीरगञ्ज-९, पर्साका फिरोद देवान, २० वर्षीया ऋतु रजक, भारतीय नागरिक ३५ वर्षीय राकेश जयसवाल र २० वर्षीय अरविन शाह छन् ।

घाइतेको वयोधा अस्प्तालमा उपचार भइरहेको छ । सोमबार मध्याह्न १२ बजे रोहित वर्कसप लेथमा बेल्डिङ गर्ने क्रममा शंकास्पद वस्तु पड्किएको थियो ।


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, मकवानपुर**

**सूचना ! सूचना ! सूचना !**

यहि २०८० साल फाल्गुन १३ गते देखि १९ गते सम्म मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तहको वडाहरुमा दादुरा रुवेला खोप अभियान सञ्चालन हुँदैछ । यस अभियानमा ९ महिना देखि ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा-रूवेला रोग विरुद्धको खोप लगाइन्छ । त्यसैले आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रूवेला खोप लगाउनु हुन अनुरोध छ ।

साथै यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालार्क्ष छुट भएको नियमित खोप पनि लगाइने भएकोले खोप कार्ड लिई आउनु हुन पनि अनुरोध छ । खोप अभियान सञ्चालन हुने मिति, समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वंयसेविका वा वडाका जनप्रतिनिधिहरुबाट प्राप्त गर्न सकिन्छ ।

दादुरा-रुवेला रोग लागेको १ जना व्यक्तिले १८ जनासम्म लाई संक्रमण गर्न सक्छ । त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रूवेला खोप लगाऔ र नेपालबाट दादुरा - रुवेला रोग निवारण गरौं ।

**जिल्ला खोप समन्वय समिति, मकवानपुर**



हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना